श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०९।२४ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |

Scanned with CamScanner

मिति २०८०।०९।२४ गते बसेको तीनपाटन गाउँपालिका,सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति,प्रस्ताव र निर्णय

| क.सं. | पदाधिकारीको नाम,थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं.वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं.वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं.वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |
| अन्य उपस्थिति: | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री विमलराज काफ्ले, लेखा सहायक | | | |
| श्री चन्द्रिका थापा, का.स. | | | |
| प्रस्तावहरु: | | | |

मिति २०८०।०९।२४ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| प्रस्ताव नं. | प्रस्तावको विषय | | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
| १. | सडक बोर्ड र गाउँपालिकाको साझेदारीमा सञ्चलान गर्ने योजना छनौट सम्बन्धमा । | | पुर्वाधार शाखा |
| २. | ब्लड बैंक स्थापनाको लागि साझेदारी रकम उपलब्ध गराउने सम्बन्धमा। | | आर्थिक प्रशासन शाखा |
| ३. | वडा नं २ को वडा कार्यालय निर्माणको लागि जग्गा खरिद तथा रजिष्ट्रेशन सम्बन्धमा। | | कर्मचारी प्रशासन शाखा |
| ४. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। | | शिक्षा शाखा |
| ५. | पशु स्वास्थ्य प्राविधिक कर्मचारी दरबन्दी थप सम्बन्धमा। | | कर्मचारी प्रशासन शाखा |
| ६. | कार्यालय सहयोगी तथा कर्मचारी उपदान सम्बन्धमा। | | आर्थिक प्रशासन शाखा |
| ७. | नापी कर्मचारी (अमिन) भर्ना गर्ने सम्बन्धमा। | | कर्मचारी प्रशासन शाखा |
| २. | विविध । | | सबै |

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा सडक बोर्ड र यस तीनपाटन गाउँपालिकाको लगानी साझेदारीमा सञ्चालन हुने सडक मर्मतको लागि वडा नं ५ को कोतर्केदेखि वडा सेवा केन्द्र खपाङ्गीडाँडा वडा नं ६को पराँसेदेखि वेलभञ्ज्याङसम्म वडा नं १० को वाङरिङ विद्यालयदेखि आधारभूत विद्यालय लंगुरडाँडासम्म वडा नं ११ को आँपटारदेखि सिमलभञ्ज्याङसम्म वडा नं ११को स्याङ्तीखोलादेखि बाहुनतिल्पुङसम्म र वडा नं ७ को पत्यानी पहिरो समेत छनौट गरी प्राविधिक स्टमेट बमोजिम योजना सञ्चालन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा सिन्धुली जिल्लामा एउटा ब्लडं बैंक स्थापना गर्न यस गाउँपालिकाको तर्फबाट रु ५०००००।- (पाँच लाख मात्र) हिउदे अधिवेशनको संशोधित बजेटमा व्यवस्था भए बमोजिम जिल्ला रेडक्रस सिन्धुलीलाई भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (३)

Scanned with CamScanner

प्रस्ताव नं. (३) माथि छलफल गर्दा वडा नं २ निर्माणाधिन वडा कार्यालय रहेको जग्गा खरिद गर्ने निर्णय भए बमोजिम उक्त जग्गा रजिष्ट्रशन पास गरी नामसारी दा खा गर्न यस कार्यालयमा कार्यरत कर्मचारीलाई प्रतिनिधि खटाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा आज मिति २०८०।०९।२४ गते यस गाउँपालिकाको गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस गाउँपलिकाको केही वडामा पशु स्वास्थ्य प्राविधिकको दरबन्दी नरहेकोले उक्त वडामा जम्मा २ जना पशु स्वस्थ्य प्राविधिक दरबन्दी थप गरी नियमानुसार पदपूर्ति गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा लामो समयदेखि यस गाउँपालिकाका विभिन्न कार्यालयमा कार्यरत ६० वर्ष माथिका कार्यालय सहयोगी तथा अन्य कर्मचारीहरु स्वेच्छिक अवकाश लिन चाहेमा उपदान स्वरुप रु१०००००।-(एक लाख मात्र) रकम उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा भूमि आयोगको मिति २०८०।०८।२८ गतेको प्राप्त पत्र बमोजिम यस गाउँपालिकाभित्र भूमि आयोग सम्बन्धी काममा जग्गा नापनक्साङ्कन गर्न १ जना नापी कर्मचारी (अमिन) विज्ञापन गरी नियमानुसार पदपूर्ति गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।